



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २० गते सोमबार ❑ 6 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## कागजमा स्रेस्ता मिलाएर होइन, योगदानका आधारमा जिम्मेवारी र कार्यमूल्याङ्कन हुन्छ : अध्यक्ष लिङ्देन

**रासस**
**काठमाडौं, १९ मंसिर**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को अध्यक्षपदमा राजेन्द्र लिङ्देन निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न निर्वाचनमा उहाँले एक हजार ८१७ मत प्राप्त गर्नुभएको थियो।

उहाँका निकटतम् प्रतिस्पर्धी कमल थापाले एक हजार ६१७ मत प्राप्त गर्नुभएको थियो । नवनिर्वाचित अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले पार्टीमा उत्पन्न परिस्थितिका कारण विभिन्न कालखण्डमा बाहिरिएका सम्पूर्ण नेता तथा कार्यकतालाई माउ पार्टीमा फर्कन आह्वान गर्नुभएको छ।

नवनिर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्य शपथ तथा प्रमाणपत्र वितरण समारोहमा उहाँले पार्टीभित्र कागजमा स्रेस्ता मिलाएर जिम्मेवारी दिने परम्परा तोडेर सङ्गठन विस्तारमा गरेको योगदानका आधारमा कार्यमूल्याङ्कन गरिने भएकाले पलायन



भएका नेता तथा कार्यकर्तालाई राप्रपामै फर्केर काम गर्न आग्रह गर्नुभयो।

अध्यक्ष लिङ्देनले भन्नुभयो, "पार्टीका सम्पूर्ण जिम्मेवारीमा रहनेलाई काम नगरी बस्न नपाइने नीति अघि सारिनेछ, पार्टीलाई क्रियाशील र जीवन्त तुल्याउन सङ्गठन विस्तार र निर्वाचनमा प्राप्त परिणामका आधारमा जिम्मेवारी दिइनेछ, पार्टीका अग्रजको तुलनामा अनुभव कमी भए पनि इमान्दारी र निष्ठामा कमजोर नभएकाले सबैलाई समेटेर लैजाने मसँग क्षमता र मार्गचित्र छ।" उहाँले नेपाली राजनीतिमा वैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने अग्रजको भावनाअनुरूप राप्रपालाई केन्द्रीय राजनीतिमा पुऱ्याउन तथा आफ्ना एजेन्डा स्थापित गर्न सडक र निर्वाचन दुवै अख्तियार गरी अघि बढ्ने घोषणा गर्नुभयो।

पार्टीका निवर्तमान अध्यक्ष पशुपतिशम्शेर जबराले एकता महाधिवेशनमार्फत राष्ट्रियता, प्रजातन्त्र र उदारवादको चिराग नयाँ पुस्तालाई हस्तान्तरण गरिएकाले पार्टीमा ताजापन ल्याएर एजेन्डा कार्यान्वयनमा सफलता मिल्ने विश्वास व्यक्त गर्नुभयो। निवर्तमान अध्यक्ष डा प्रकाशचन्द्र लोहनीले एकता महाधिवेशनले नेतृत्व पुस्तान्तरण गरेसँगै लोकतान्त्रिक सिद्धान्त, विधि र पद्धतिका आधारमा पार्टीलाई अग्रणी राष्ट्रवादी शक्तिका रूपमा अघि बढाइने विश्वास व्यक्त गर्नुभयो । पार्टीहित विपरीत कोही अघि बढ्न खोजेमा सशक्त प्रतिरोधमा उभिने अठोट गर्दै उहाँले सामूहिक नेतृत्वका आधारमा दललाई अघि बढाएर आगामी निर्वाचनमा राप्रपालाई राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति बनाउने गरी काम गर्न सबैलाई सुझाव दिनुभयो । नवनिर्वाचित उपाध्यक्ष विक्रम पाण्डेले मुलुकमा लामो समयदेखि विषय उठेको तर कार्यान्वयनका लागि कसैले हिम्मत नगरेको राजनीतिमा पुस्तान्तरणका विषयमा राप्रपाले बाजी मारेर उदाहरण प्रस्तुत गरेको छ भन्नुभयो।

एकता महाधिवेशन केन्द्रीय निर्वाचन समिति संयोजक हरिबहादुर बस्नेतले पार्टीको नेतृत्व जुझारु, ऊर्जाशील र दूरदर्शी युवापुस्तामा हस्तान्तरण भएकाले अनुभवी पुस्तालाई हरतवरले सहयोग पुऱ्याउन सुझाव दिनुभयो । राप्रपाको शनिबार सम्पन्न महाधिवेशनले अध्यक्ष, पदाधिकारी र केन्द्रीयको निर्वाचनमार्फत चयन गरेको छ । यसअघि समारोहमा नवनिर्वाचित पदाधिकारी र सदस्यलाई शपथ गराउनका साथै निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिएको थियो।

## कांग्रेस गण्डकी प्रदेश सभापतिमा शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

नेपाली कांग्रेसको प्रथम गण्डकी प्रदेश अधिवेशनबाट सभापति पदमा शुक्रराज शर्मा निर्वाचित हुनुभएको छ। शनिबार भएको निर्वाचनमा उहाँ ६१२ मत ल्याई प्रदेशको पहिलो सभापति बन्न सफल हुनुभएको हो।

उहाँका प्रत्यासी अर्जुनप्रसाद जोशीले ५२८ मत प्राप्त गर्नुभएको निर्वाचन समितिका सदस्य विष्णुकुशल भुजेलले जानकारी दिनुभयो।

नेपाली कांग्रेसको महाधिवेशनअन्तर्गत गण्डकी प्रदेशमा पौडेल पक्षले कब्जा जमाएको छ । यहाँ पदाधिकारीका अधिकांश पदमा संस्थापन इतरका नेताहरु विजयी हुनुभएको छ । उपसभापतिमा दुइटै स्याङ्जाका उम्मेदवार विजयी हुनुभएको छ । संस्थापन



पक्षबाट मेखलाल श्रेष्ठ र संस्थापन इतरबाट कल्पना तिवारी विजयी हुनुभयो । संस्थापन पक्षकै नेत्र महत र संस्थापन इतरका हरिप्रसाद श्रेष्ठ पराजित हुनुभएको छ । तिवारीको ६२४ मत आउँदा दोस्रो बन्नुभएका श्रेष्ठको ५५६ मत छ । तेस्रो स्थानका हरिको ५४८ तथा अन्तिम भएका नेताको ४५७ मत आएको छ । महामन्त्रीमा अन्तिम अवस्थामा विष्णु लामिछानेले लिड गर्दै देउवा पक्षका उम्मेद्वारलाई हराउनुभयो। पहिलोमा किरणबावु श्रेष्ठले ५७३ मत र दोस्रोमा विष्णुको ५६७ मत आएको छ। तेस्रोमा कुमार खड्काको ५५६ र चौंथो हुनुभएका इश्वर पाण्डेको ४७३ मत आयो। ११ सय मत गन्दा दोस्रोमा कुमार खड्का हुनुहुन्थ्यो।

सहमहामन्त्रीका पनि सबै पदमा पौडेल पक्षले जितेको छ। महिला सह महामन्त्रीमा कोपीला रानाभाट ५५२ मत सहित विजयी हुँदा संस्थापन पक्षकी ओमकला गौतम ४८८ मत प्राप्त गर्दै पराजित हुनुभयो । खुला सहमहामन्त्रीमा रमेश कुमार सर्वाधिक भोट ल्याएर विजयी हुनुभयो । उहाँले ६१८ मत प्राप्त गर्नुभयो। ५६९ मत ल्याएर दोश्रो हुँदै रामचन्द्र जोशी पनि विजयी हुनुभयो । गण्डकीको पदाधिकारीमा संस्थापन पक्षबाट मेखलालमात्रै विजयी हुनुभएको हो।

## १६० निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न

**रासस**
**काठमाडौं, १९ मंसिर**

नेपालीकांग्रेसको १६० निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न भएको छ। पार्टीको १४औँ महाधिवेशनका लागि देशभरका १६५ निर्वाचन क्षेत्रमध्ये १६० निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न भएको हो।

कांग्रेस केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले सर्लाहीका चार र सप्तरी एक निर्वाचन क्षेत्रबाहेक सम्पूर्ण निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न भएको राससलाई जानकारी दिनुभयो । "सर्लाहीको चार निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न गर्नका लागि नयाँ निर्वाचन अधिकृत खटाइसकेका छौँ, सप्तरी निर्वाचन क्षेत्र नं ४ मा आज निर्वाचन हुँदैछ", उहाँले भन्नुभयो। महोत्तरी क्षेत्र नं ४ को अधिवेशन सम्पन्न भइसकेको तर निर्वाचनको नतिजाका क्रममा केही विवाद रहेकाले त्यहाँको निर्णय गर्न बाँकी रहेको उहाँको भनाइ थियो। कांग्रेस महाधिवेशनका लागि ६३ जिल्लाको जिल्ला अधिवेशन सम्पन्न भइसकेको छ। यस्तै सात प्रदेशमध्ये छ प्रदेशको अधिवेशन सुरु भइसकेको र केही प्रदेशको नतिजासमेत आइसकेको उहाँले बताउनुभयो । प्रदेश नं २ बाहेक सबै प्रदेशको अधिवेशन प्रारम्भ भइसकेको छ।

गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको पदाधिकारीको नतिजा आइसकेको छ भने प्रदेश नं १ र लुम्बिनी प्रदेशको मतगणना भइरहेको र बागमती प्रदेशको सभापति पदमा कुनै पनि उम्मेद्वारले ५० प्रतिशत नकटाएकाले पुनः मतदान हुने निर्वाचन संयोजक घिमिरेले बताउनुभयो ।ग्रेसको केन्द्रीय महाधिवेशन आगामी मङ्सिर २४ गतेदेखि काठमाडौँमा हुँदैछ।

## सञ्चारिकाले एक लाखको अक्षयकोष स्थापना गर्ने

**पोखरापत्र संवाददाता**
**दमौली, १९ मंसिर**

सञ्चारिका समूह तनहुँ शाखाले रु एक लाखको अक्षयकोष स्थापना गर्ने भएको छ।

प्रथम अधिवेशनबाट निर्वाचित कार्यसमितिको पहिलो बैठकले रु एक लाखको अक्षयकोष स्थापना गर्ने निर्णय गरेको हो । तनहुँ सञ्चारिका अक्षयकोष स्थापना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निवृत्त शिक्षक समुदायको सातौँ अधिवेसन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

अवकास प्राप्त शिक्षकहरुलाई संगठित गराइ समाजमा सम्मानजनक रुपले जीवनयापन गर्न, समतामुलक एवं न्यायपूर्ण समाजको निर्माण गर्न, आपसी सहयोग भाईचारा एवं सफल निवृत्त जीवनयापन गर्न विसं २०५२ सालमा स्थापित यस संस्थाको सातौँ अधिबेसन हालै सम्पन्न गरिएको छ।

उक्त अधिबेसनले छबिलाल आचार्यको अध्यक्षतामा १७ सदस्यिय कार्य समिति चयन गरेको छ जसमा उपाध्यक्षमा नरबहादुर गुरुङ, भुवनेस्वर पौडेल, नारायन बहादुर पण्डित, राम बहादुर के सी र शिव सापकोटा चयनहुनु भएको छ भने, सचिबमा शेसकान्त आचार्य, कोषाध्यक्षमा धर्म गिरी, सदस्यहरु क्रमस रामजी पौडेल, गोबिन्द बराल, जीवनाथ लामिछाने, बयान बहादुर कार्की,



गम बहादुर कुँवर, केदारनाथ शर्मा बराल, नरनाथ बराल, बद्रिनाथ पहारी र इन्दिरा लक्ष्मी पौडेल रहेका छन । तोयनाथ लामिछानेको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा स्वागत मन्तब्य जनकलाल श्रेष्ठ र कार्यक्रम संचालन छबिलाल आचार्यद्वारा गरिएको थियो। पिएन क्याम्पसका संस्थापक प्राचार्य ९० बर्षीय जर्ज जोनको प्रमुख आतिथ्यता जिल्ला शिक्षा सामन्वय इकाइका प्रमुख नारायण प्रसाद, सल्लाहकार रामराज रेग्मी, क्षेत्र बहादुर कुँवर, श्री तारा पाखेद्वारा शुभकामना ब्यक्त गरिएको थियो । रामराज रेग्मी, क्षेत्र बहादुर कुँवर र तारा पाखे निर्वाचन मण्डलमा रहेको उक्त कार्यक्रममा ७५ वर्ष नाघेका वृद्ध शिक्षकलाई दोसल्ला ओडाइ सम्मान पत्रद्वारा समान, आजीवन सदस्यता बितरण, सचिब, कोषाध्क्ष र अध्यक्षबाट संस्थाको गतिविधि बारे प्रतिबेदन पेस गरिएको थियो।

## बुर्तिबाङमा फोनिजको पर्यटन प्रर्वद्धनात्मक अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीको आयोजनामा अन्तरक्रिया कार्यक्रम भएको छ। बाग्लुङको ढोरपाटन नगरपालिका १ बुर्तिबाङ्मा ढोरपाटन क्षेत्रको समृद्धिको आधार र सञ्चारको भूमिका विषयमा अर्न्तक्रिया गरिएको थियो।

ढोरपाटन नगरपालिकाको सहयोगमा भएको कार्यक्रममा नगरपालिकाका मेयर देवकुमार नेपालीले ढोरपाटनमा पर्यटनको प्रचुर सम्भावना भएपनि विविध कारणले पछि परेको बताए । पछिल्लो २ वर्ष कोरोनाले झनै विथालेको उनले सुनाए । यो अवस्थामा मिडियाको अहम भूमिका रहने उनको भनाइ थियो। ढोरपाटन क्षेत्रमा पूर्वाधार विकाश गर्न खोजेपनि आरक्षको छुट्टै नियम र परिधिले गाह्रो बनाएको उनको बताए । नगरपालिकाले



बिकासका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, जलविद्युत लगायत क्षेत्रमा विस्तारै काम गरिरहेको छ। बजेट अभावका कारण सबै काम संभव नभएपनि सुरुवात गरेको मेयर नेपाली बताउँछन् । ढोरपाटनको प्रसार प्रसार र विकासका लागि आफू सधैं सकरात्मक रहेको उनले बताए । 'हामीले ढोरपाटनमा पूर्वाधार बनाउने भनेका छौं, आरक्षको छुट्टै कानुन हुने रहेछ त्यसले साह्रै गाह्रो बनाएको छ,' उनले भने, 'आरक्षको नियमले गर्दा हाईअल्टिच्युट ग्राउण्ड र ८ सय २८ मेघावाटको जलविद्युतको काम हुन सकेको छैन् ।' अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका उपमेयर करमती पुनले मिडियाले गाउँ पर्यटनमा टेवा पुऱ्याएको बताउदै ढोरपाटनको पर्यटन प्रवर्द्धनमा पनि टेवा पुऱ्याउने विश्वास व्यक्त गरिन् । आगामी दिनमा नगरपालिका भित्रको पर्यटकिय क्षेत्र प्रचारप्रसारका लागि सधै मिडियासँग सहकार्य गर्न तयार रहेको उनले बताईन् । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत डिल्लीराम भट्टराईले प्रचारप्रसारका लागि कुनै पनि सुचना प्रभाव गर्न कन्ज्युसाई नगर्ने बताए।

ढोरपाटन नगरपालिका वडा नम्बर १ का अध्यक्ष चित्रबहादुर भण्डारीले दुई तिन पुस्ता अघि देखिको आरक्ष क्षेत्र सञ्चार क्षेत्रको उपस्थिती कम हुँदा ओझेलमा परेको बताए । उनले देशको कार्यपालिका, न्यापालिका, व्यवस्थापिकासँगै चौथौं अंक पत्रकारिता सँगसँगै नभएमा विकाश सम्भव नहुने तर्क राखे । फोनिज गण्डकीका उपाध्यक्ष दिल शिरिष,पत्रकार महासंघ बागलुङका सचिव बिजय राना, सामुदायिक रेडियो प्रसारक संघका केन्द्रिय सदस्य राम सुवेदी, फोनिज बागलुङका अध्यक्ष संगम घर्ती मगर लगायतले ढोरपाटन क्षेत्रको जती प्रचार हुनुपर्ने हो त्यति हुन नसकेको भनाई राखेका थिए। फोनिज गण्डकीका अध्यक्ष एमबि आस्थाको अध्यक्षतमा भएको कार्यक्रम महासचिव रुद्र शिरिष मगरले गरेका थिए।



# रोटरी क्लव पोखरा लेकसाइडको होमस्टे (घरबास) कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

रोटरी क्लव अफ पोखरा लेकसाइडको आयोजनामा होमस्टे (घरबास) कार्यक्रम २०७८ सम्पन्न गरेको छ । ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले क्लवले तनहुको ब्यास नगरपालिका वडा नम्बर १४ मा रहेको केशवटार होमस्टेमा घरबास कार्यक्रम सम्पन्न गरेको हो ।



ग्रामीण भेगमा स्थापित होमस्टेहरुको प्रवर्द्धनका लागी क्लवले प्रत्येक वर्ष होमस्टे (घरबास) कार्यक्रमको आयोजना गर्ने गरेको र जस अनुरुप यो वर्ष तनहुको केशवटार होमस्टेमा घरबास कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक मीन बहादुर गुरुङले जानकारी दिए। क्लवमा आवद्ध सदस्यहरुले ग्रामीण भेगमा रहेको होमस्टेमा बसी त्यहांको संस्कृतिको बारेमा जानकारी संगै गाउले परिवेशमा बसोवास गर्दै सदस्यहरुवीच एक आपसमा रमाइलो गर्ने गरी घरबास कार्यक्रमको आयोजना गरिएको हो । यसअघि क्लवको आयोजनामा ल्वाङघलेल, ताङतिङ, र कालावाङ घडेरीमा रहेको होमस्टेमा घरबास कार्यक्रम सम्पन्न भइसकेको छ ।

तनहुको केशवटार मगर बस्तीमा संचालन गरिएको होम स्टेबाट आफुहरुले मगर संस्कृति त्यसमा पनि तनहुमा चर्चित कौडा लाई मौलिक रुपमा नियाल्न सफल भएको समेत कार्यक्रम संयोजक गुरुङले वताए । मौलिक संस्कृति संगै त्यहांको स्थानिय मगर जातिको खानाको परिकारको स्वाद समेत आफुहरुले लिएको वताउदै केशवटारमा होमस्टेलाई ग्रामीण परिवेशको घरहरुमा ब्यवस्था गर्न सके अन्य होमस्टे भन्दा उत्कृष्ट हुने समेत उनले स्थानियलाई सुझाव समेत दिए । त्यस्तै रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष हुम आलेले तनहुको मगर गाउ आफु हुर्केको ठाउमा दुई दशक पछि पुग्न पाउदा निकै खुसी लागेको वताउदै अझैपनि ग्रामीण भेगहरुमा मौलिक संस्कृतिहरु जीवित रुपमै रहेको पाउदा निकै खुसी लागेको वताए । मगर बस्तीको मौलिक कौडा नाचलाई केशवटारका स्थानियहरुले जोगाएर राखेको र भावी पुस्ताले पनि यसको सिको गर्न सके होमस्टेमा आउने पाहुनाहरुले मौलिक संस्कृतिलाई नजिकबाट नियाल्ने सक्ने उनको भनाइ रहेको थियो ।

होमस्टेका सल्लाहकार चन्द्र बहादुर आलेले कोभिडका कारण दुई वर्षदेखी बन्द रहेको होमस्टे पछिल्लो समयमा संचालनमा आएको र हालै मात्र रोटरी क्लव अफ न्युरोड पोखराको टोलीले आफुहरुको होमस्टेमा बास बस्न आएकोमा धन्यवाद ब्यक्त गरे । केशवटार होमस्टेकै कारण गाउको प्रवर्द्धन भएको र स्थानिय स्तरमा उत्पादिन कृषि उपजले दमौली बजार नगइकनै घरबाटै बिक्री हुन थालेको उनको भनाइ रहेको थियो । स्थानिय महिलाहरुले घरमै बसेर मास, भट्ट, लोकल कुखुरा, खसी बोका, सुंगुरहरु समेत पाल्ने गरेकोले होमस्टेकै कारण महिलाहरु स्वरोजगार बनेको उनले वताए । २०७४ सालमा स्थापना भएको केशवटार होमस्टेमा अहिले १७ वटा घरमा होमस्टे सञ्चालन गरिएको छभने एक रातमा ६० जना पाहुनाहरुले बास बस्न सक्ने छन ।

# सार्दिखोला विद्यार्थी सहयोग समितिको २६ औँ वार्षिकोत्सवमा छात्रवृत्ति तथा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

माछापुच्छे्र गाउँपालिका वडा नं. २, सार्दिखोलामा रहेको सार्दिखोला विद्यार्थी सहयोग समितिले शुक्रबार आफ्नो स्थापनाको २६ औं वार्षिकोत्सव सम्पन्न गरेको छ ।



माछापुच्छे गाउँपालिका वडा नं १, २ र ३ का सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विगत २६ वर्षदेखि निरन्तर छात्रवृत्ति वितरण गर्दै आएको सो संस्थाले उक्त अवसरमा वर्ष २०७८ को लागि जम्मा छ लाख पचहत्तर हजार नौ रुपैयाँ मात्र वितरण गरेको छ । साथै सहयोग गर्दै आएका १३ वटा सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्ये उत्कृष्ट शिक्षक सम्मान, सोही विद्यालयहरुको आधार भूत तह (१-५)मा अध्ययनरत विद्यार्थीहरुबिच हिसाब दौड र नृत्य प्रतियोगिता तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुबिच कविता र वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्दै पुरस्कार वितरण समेत गरेको छ । उक्त कार्यक्रममा उत्कृष्ट शिक्षक सम्मानतर्फ श्री माछापुच्छे माध्यमिक विद्यालयका शिक्षक निलराज अधिकारी, हिमाली आधारभूत विद्यालयका शिक्षक राम प्रसाद काफ्ले, बालकल्याण आधारभूत विद्यालयका शिक्षक एलिसा मल्ल लम्साल र कृष्ण महादेव आधारभूत विद्यालयका शिक्षक शुक्रराज तामाङ सम्मानित भएका छन् । सम्मानित हुने शिक्षकहरूलाई जनही पाँच हजार दोसल्ला र प्रमाणपत्रले सम्मानित गरिएको थियो । उक्त वार्षिकोत्सव कार्यक्रममा आयोजित हिसाब दौड प्रतियोगितामा श्री माछापुच्छे्र विद्यालयका कञ्चन गुप्ताले प्रथम स्थान हासिल गरेका छन् । माध्यमिक विद्यालयस्तरीय कविता प्रतियोगितामा श्री माछापुच्छे माध्यमिक विद्यालयका स्वस्तिका तामाङ, सलिना श्रेष्ठ, कविता पौडेल र स्मृति गुरुङ क्रमशः प्रथम द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका छन् ।

आधारभूत तहतर्फ समूह नृत्य प्रतियोगितामा श्री माछापुच्छे माध्यमिक विद्यालय प्रथम, मेघराज आधारभुत बिद्यालय द्वितीय र कृष्ण महादेव आधारभूत विद्यालय तृतीय स्थान प्राप्त गर्न सफल भएका छन् । उक्त कार्यक्रममा ढाकामोहन बालकुमारी अक्षयकोषबाट कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने दुई विद्यार्थीलाई जनही हजार अक्षरेपि पाँच हजार रुपैयाँका दरले पुरस्कृत पनि गरिएको छ ।

उच्च अदालतका निवृत्त न्यायधीश श्रीमान विनोद मोहन आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा श्री माछापुच्छे माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तोष आचार्य तथा माछापुच्छे माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बम बहादुर गुरुङले शुभकामना दिनुभएको थियो ।

दुबै जना वक्ताले यस सार्दिखोला विद्यार्थी सहयोग समितिका संयोजक भिम तामाङले श्री माछापुच्छे माध्यमिक विद्यालयलाई प्रतिकूल समयमा समेत पुऱ्याउनुभएको योगदानको चर्चा गर्नुभयो । सार्दिखोला विद्यार्थी सहयोग समितिका अध्यक्ष हर्क बहादुर घर्तीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन समितिका सचिव वेगनाथ पौडेलले गर्नुभएको थियो ।

# सञ्चारिका...

गरी जिल्लामा सक्रिय एकजना पत्रकार महिलालाई प्रत्येक वर्ष पुरस्कृत गरिने संस्थाका सचिव सुनिता आचार्यले जानकारी दिनुभयो । उक्त कोषमा वरिष्ठ लोकगायक प्रेमराजा महतले रु २५ हजार सहयोग गर्नुभएको छ ।

सञ्चारिकाको प्रथम अधिवेशनबाट सम्झना रसाइलीको अध्यक्षतामा नौ सदस्यीय समिति गठन गरिएको छ । संस्थाको उपाध्यक्षमा ममता गुरुङ, सचिवमा सुनिता आचार्य, सहसचिवमा निशा थापा मगर, कोषाध्यक्षमा शर्मिला विक, सदस्यहरूमा सावित्रा कोइराला, सोनिया लगुन, मञ्जु थापा र करुणा थापा चयन हुनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष उज्ज्वल पौडेल, उपाध्यक्ष अस्मिता खनाल, निवर्तमान उपाध्यक्ष नारायण खड्का र सञ्चारिका समूह तनहुँका संस्थापक अध्यक्ष सन्तोषी श्रेष्ठलाई समितिको सल्लाहकारमा चयन गरिएको छ ।

# विपि मार्ग ख टोल विकास संस्थाको आठौँ साधरण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

पोखरा महानगरपालिका १३ नं वडा कार्यालयस्थित विपि मार्ग ख टोल विकास संस्थाको आठौँ साधरण सभा सम्पन्न भएको छ र साधरण सभाको समुद्घाटन प्रमुख अतिथी १३ नं वडा कार्यालयका अध्यक्ष दर्शन लामाले गर्नुभएको थियो ।




टोलका अध्यक्ष लक्ष्मण श्रेष्ठको सभापतीत्वमा संचालन भएको उक्त कार्यक्रममा विशेष अतिथिको रुपमा पाल्नुभएका बेसलाईन एकेडेमीका प्राचार्य षडानन्द गौतमले दुई दशकभन्दा बढि यसै क्षेत्रमा शैक्षिक उनन्नयका अहोरात्र खटिएको र सामाजिक तथा विकासको लागि पनि आफु सधै तत्पर रहेको भन्दै टोललाई आर्थिक सहयोग स्वरुप दस हजार प्रदान गर्नुभएको थियो । कार्यक्रमको स्वागत मन्तब्य संस्थाकी सदस्य लिलावती घिमिरेले ब्यक्त गर्नुभएको थियो भने अतिथीका रुपमा पाल्नुभएका शान्तिमार्ग टोल विकास संस्थाका अध्यक्ष डा. दिपक सुवेदी र समृद्धि मार्ग टोल विकास संस्थाका उपाध्यक्षले कार्यक्रमको सफलताको शुभकामना ब्यक्त गर्दै विपि मार्ग ख टोल विकास संस्थासगं हातेमालो गर्दै आएको र आगमी दिनमा पनि सगै मिलेर काम गर्ने प्रतिबद्धता गर्नुभएको थियो । यसैगरि गणेश तथा भद्रकाली मन्दिर सेवा समितीका नवनियुक्त अध्यक्ष तथा सल्लाहकार योगेन्द्रमान श्रेष्ठले कोरोनाको कठिन समयमा पनि कार्यसमितिले गरेको कामको प्रशंसा गर्दै आर्थिक ब्यवस्थापनको लागि सबैटोलवासीसगं अपिल गर्नुभएको थियो । टोलबासीले राखेको जिज्ञासालाई मेटाउदै प्रमुख अतिथीले आफु निर्वाचित भएदेखि आफ्नो ज्ञान क्षमता विवेकले भ्याएसम्म १३ न.वडालाई विकासको बाटो अघि बढाएको र बाकि दिनमा पनि आफु जुनसुकै पदमा रहेपनि निरन्तर लागिरहने बताउनुभयो । संस्थाको आ.व. २०७७/२०७८ को आय व्यय कोषाध्यक्ष पदम कुमारले प्रस्तुत गरेका थिए भने कार्यक्रमको संचालन संस्थाका सचिव किशन भण्डारीले गरेका थिए अन्त्यमा आमन्त्रीत सम्पुर्ण महानुभावलाइ धन्यवाद दिदै संस्थाका अध्यक्षले सभा विसर्जन गरेका थिए ।

# थप २०५ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, १९ मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप २०५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

यस अवधिमा १० हजार ७४७ जनाको नमूना परीक्षण गरिएको थियो । यससँगै नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख २२ हजार ५९२ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पिसिआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४६ लाख ६२ हजार ६८० र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या सात लाख ४२ हजार २०४ पुगेको छ ।

पछिल्लो समय थप ४३६ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख चार हजार ५४४ पुगेको छ । निको हुने दर ९७ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा ५७ हजार ९३० रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या छ हजार ५०७ रहेको छ ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## सिप सिकौं, आत्मनिर्भर बनौं

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, दिगो तथा सम्मानित रोजगारको लागि सीप परियोजना (NSSURE) को आर्थिक सहयोग तथा धवलागिरी प्राविधिक शिक्षालय द्वारा व्यावसायमा आवद्ध कामदारलाई सिप अभिवृद्धि तालिम मिति २०७८/०८/२३ गते मंसिरदेखि तपसिलको स्थानमा संचालन हुने Bakery तालिममा योग्यता पूगेका इच्छुक नेपाली नागरिकवाट फाराम आव्हान गरिन्छ।

**निःशुल्क Bakery Training**




सम्पर्कः
**Pokhara Institute of Bakery and Pastry Arts**
चिसापानी-१३, पोखरा, कास्की
फोन नं. ९८०६६००७२५/९८५६०६६०१९



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# राप्रपामा नयाँ नेतृत्व

राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्षमा युवा नेता राजेन्द्र लिङदेन निर्वाचित भएका छन।लिङ्देनको विजयलाई कतिपयले पुस्तान्तरणको रुपमा लिएका छन।राप्रपाको एजेन्डामा सहमत नहुनेमा कम्युनिस्ट, काङ्गेस र अन्य पार्टीका युवा र दोस्रो पिढीले नेतृत्व हस्तान्तरण भनेर टिप्पणी गरेका छन।हरेक राजनीतिक दलका नेतृत्वमा पुरानै अनुहार देखिँदा नयाँ नेतृत्व आउँदा खुशी मान्नुपर्ने अवस्था छ। हरेक पार्टीका युवाहरूले प्रतिस्पर्धाबाट नेतृत्व लिनुपर्छ भन्ने उदाहरण लिङ्देन बनेका छन।पञ्चायतमा खासै भूमिका नभएका राजेन्द्र लिङ्देनले राप्रपाको अध्यक्ष निर्वाचित भए ।राप्रपालाई लामो समय नेतृत्व गरेका र पञ्चायतसँग बढी नै लगाव भएका कमल थापालाई कार्यकर्ताले नै नेतृत्वबाट हटाए ।

काङ्गेस कम्युनिस्ट र अन्य पार्टीका युवाले आँट गरेमा कार्यकर्ताले पुरानालाई विदाइ गर्छन भन्ने सन्देश पनि हो । राप्रपाको निर्वाचनमा लिङ्देनको विजयलाई एकातिर राष्ट्रिय राजनीतिमा पुस्तान्तरणको सुरुआत भनेर सकारात्मकरूपमा लिइएको देखिन्छ । अर्कातिर पराजित उमेदवार थापाले 'निर्मल निवासको नाङ्गो हस्तक्षेप'भन्दै तीतो पोखेका छन् । कमल थापाले पराजयलाई सहजरूपमा लिन सकेका छैनन् ।राजाको कृपाले महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी पाएका थापाले पुन निर्वाचन लड्दा आफ्नो सान्दर्भिकता कति थियो भनेर नसोचि निर्मल निवासलाई दोष दिनु पराजय स्वीकार्न नसक्नु हो ।सामाजिक सञ्जालमा आएका थापाका विचार अस्थिर देखाउँछ ।लिङ्देनलाई काँचो देख्ने पाका नेता पशुपतिशमशेर जवरा र कमल थापाका सामान्ति र काँचो ब्यवहार हो ।

यसले आगामी दिनमा राप्रपाले कुन बाटो लिने हो भन्ने सन्देह पनि उब्जाएको छ । केन्द्रीय समितिमा निर्वाचित पदाधिकारीमा थापा समूहबाट लडेकाहरूको निर्णायक उपस्थिति देखिन्छ। यद्यपि, प्रतिनिधि सभामा जित्ने एकमात्र सांसदका रूपमा पार्टीको नेतृत्व उनैले गर्नु स्वाभाविक मानिनु र्पथ्यो । तीमध्ये कतिपय राजनीतिकरूपमा नवनिर्वाचित अध्यक्ष लिङ्देनभन्दा वरिष्ठ छन् । उनीहरूले सहयोग गरेनन् भने राष्ट्रिय राजनीतिमा अपेक्षाकृत पहुँच र अनुभव नभएका लिङ्देनका लागि पार्टी सञ्चालन गर्नु निकै चुनौतीपूर्ण हुनसक्छ ।

पूर्वअध्यक्ष थापाले आरोप लगाएजस्तै निर्मल निवासबाट हस्तक्षेप भएको हो भने त्यो क्रम यत्तिमा पक्कै रोकिनेछैन । यसै पनि अहिले राजनीतिक नेतृत्वको विफलताले गणतन्त्र विरोधीहरूको हौसला बढेको सङ्केत देखिन थालेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीमा भएको नेतृत्व परिवर्तनले निकट भविष्यमा राष्ट्रिय राजनीतिमा उल्लेख्य प्रभाव भने पार्नसक्ने देखिँदैन । भन्न त राजनीतिलाई 'सम्भावनाको खेल' पनि भनिन्छ । तर, न राप्रपासँग तत्काल राजा फर्काउनसक्ने जनमत छ न त यसले सत्तामा निर्णायक हस्तक्षेप नै गर्न सक्छ ।

राप्रपा जन्मदैमा पञ्चायतका पूर्वप्रधानमन्त्रीहरू सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द नेतृत्वकादुई पार्टीका रूपमा अस्तित्वमा आएको थियो । सूर्यबहादुर थापाका छोराले उनको समूहलाई नेपाली कांग्रेसमा समाहित गरिसकेका छन् । अब बाँकी रहेको समूहले पञ्चायतकै पनि अनुदार पक्षको प्रतिनिधित्व गर्छ । गणतन्त्र तथा धर्मनिरपेक्षता विरोधी अनुदार दक्षिणपन्थी राजनीतिको अनुहार बनेका कमल थापाको पराजयले राप्रपालाई लोकतान्त्रिक मध्यधारतर्फ ल्याउन सक्यो भनेमात्र नेतृत्व परिवर्तनको नेपालको राजनीतिमा सकारात्मक प्रभाव पर्नेछ। अन्यथा अनुहार बदलिनुको कुनै अर्थ हुनेछैन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शारीरिक झमेला | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# खच्चडको भरमा खाद्यान्न ढुवानी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ मंसिर**

म्याग्दीको अत्यन्तै दुर्गम गुर्जामा सडकको पहुँच नपुग्दा अझैसम्म पनि चर्को भाडा तिरेर खच्चडको भरमा खाद्यान्न ढुवानी गर्नुपर्ने बाध्यता छ ।

जिल्लाका छ स्थानीय तहका ४५ वडामध्ये धवलागिरि गाउँपालिकाको वडा नं १ मा पर्ने गुर्जामा मात्रै सडकको पहुँच पुगेको छैन। सडक सुविधा नपुग्दा यहाँका बासिन्दा खच्चडमा बोकाएर गाउँमा खाद्यान्नलगायत सामग्री पुऱ्याउदा चर्को मूल्य तिर्न बाध्य छन् । दिनुहँ खाद्यान्नको मूल्य बजारमा बढिरहनु र बजारको चामल, नून, तेललगायतको दैनिक प्रयोगहुनेखाद्यान्नगाउँपालिकाको केन्द्र मुनादेखि चर्को शुल्क तिरेर खच्चडको भरमा ढुवानी गर्दा गुर्जावासी दोब्बर मूल्यमा दैनिक उपभोग्य बस्तु उपभोग गर्दै आएको गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो ।

सदरमुकाम बेनीदेखि गाउँपालिका केन्द्र मुनासम्म पुग्न सवारीसाधनमा चार घण्टादेखि सात घण्टासम्म समय लाग्छ । यातायातको सहज सुविधा नपुग्दा आर्थिक अवस्था र रोजगार नभएका परिवारलाई आयातित खाद्यान्न महँगो मूल्यमा उपभोग गर्न बाध्य गुर्जाका जनता रहेको अध्यक्ष छन्त्यालले बताउनुभयो ।

खाद्यान्न मात्र होइन, कमजोर आर्थिक अवस्था भएका परिवारमा कोही बिरामी भए भने स्थानीयवासीले बोकेर ल्याउनुपर्ने समस्या झनै बढी पीडादायी छ । सडक सञ्जाल नपुगेको ठाउँमा मात्र होइन, पुगेको ठाउँमा वर्षायामको समयमा खच्चडमा ढुवानी गर्न बाध्य छन् ।

# बुवा आमाको नाममा विद्यालयमा अक्षय कोष स्थापना



**पोखरापत्र संवाददाता**
**पोखरा, १९ मंसिर**

पोखरा महानगर पालिका वडा न ६ बैदाममा अवस्थित ताल बाराही माध्यमिक विद्यालयमा भुपु विद्यार्थी श्री कृष्ण पहारी र उनकी धर्म पत्नी सरु पहारीले आफ्ना बुवा रामजी प्रसाद पहारी र आमा देवी पहारी को नाममा अक्षय कोष स्थापना गरेका छन ।

आर्थिक अभावमा विद्यालय जान नपाएका वा नियमित नभएका विद्यार्थीहरुको पढाइलाई सहयोग पुऱ्याउने उद्देश्यसाथ पोखरा ६ बैदाम निवासी पहारी दम्पतीले १ लाख ११ हजार १ सय ११ रुपैयाँ ११ पैसाको कोष स्थापना गरिदिएका हुन् । पहारीले आइतबार एक कार्यक्रमको आयोजना गरी बुवा रामजी प्रसाद पहारी र आमा देवी पहारी ले चेक विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्ण न्यौपाने र विद्यालयका प्रधानध्यापक तारा प्रसाद पोखरेललाई सयुक्त रुपमा हस्तान्तरण गरेका थिए । अक्षय कोष दाता पहारीले अध्ययन गरेको विद्यालयलाई सहयोग गर्ने पाउँदा खुशि लागेको बताए ।

उक्त अवसरमा श्री कृष्णका बुवा पहारीले कोषको रकम लक्षित विद्यार्थीको पठनपाठनमा सहयोगी बन्ने विश्वास व्यक्त गरे । 'कोषको सही सदुपयोग हुनेमा विश्वस्त छौं', उनले भने, 'आर्थिक अभावमा कुनै पनि बालबालिका पढ्नबाट बन्चित हुनु नपरोस् भन्ने चाहनाले कोष स्थापना गरेका हौ । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण न्यौपाने ले लक्षित विद्यार्थीको पठनपाठनमा सहयोग पुगेमात्र कोषको सार्थकता पूरा हुने बताए । विद्यालय प्रधानध्यापक तारा प्रसाद पोखरेलले कोषको रकम सदुपयोग गर्दै लक्षित विद्यार्थीमा पुऱ्याउने प्रतिबद्धता जनाए ।

# प्रेस सेन्टरको १९९ सदस्सीय कार्यसमिति घोषणा

**पोखरापत्र संवाददाता**
**चितवन, १९ मंसिर**

प्रेस सेन्टर नेपालको चौथो राष्ट्रिय महाधिवेशनको बन्द सत्रले १९९ सदस्सीय समिति घोषणा गरेको छ । बन्दसत्रमा गठन गरिएको अध्यक्ष मण्डलले पछि १५ थप गर्ने गरी सदस्यको नाम सार्वजनिक गरेको हो ।

सहजीकरणका लागि गोविन्द आचार्यको संयोजकत्वमा अध्यक्ष मण्डल गठन गरिएको थियो । नयाँ कार्यसमितिको आजै बस्ने बैठकले पदाधिकारीको टुङ्गो लाग्ने जनाइएको छ । बन्दसत्रले १८ बुँदे घोषणापत्र जारी गरेको छ। सेन्टरका निवर्तमान कोषाध्यक्ष सुरेशचन्द्र अधिकारीका अनुसार १८ बुँदे घोषणापत्रमा प्रधानन्यायाधीशलाई उच्च नैतिकता प्रस्तुत गर्दै निकास दिन आग्रह गरिएको छ ।

यसैगरी दललाई राजनीतिक गतिरोध अन्त्य गर्न ध्यानाकर्षण, मिडियासम्बन्धी पूराना कानुन खारेज गरी नयाँ कानुन बनाउन, साना लगानीको संरक्षण, श्रम ऐन कार्यान्वयन नगर्ने मिडियालाई सबै सेवासुविधा बन्द गर्न, सञ्चारकर्मीले सवारीसाधन किन्दा भन्सार छुट, स्वास्थ्य बीमा लागू गर्नेलगायत समेटिएको उहाँले जानकारी दिनुभयो ।

शनिबार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्मेलनको उद्घाटन गर्नुभएको थियो । यसअघि महेश्वर दाहालको नेतृत्वमा २६० सदस्सीय कार्यसमिति रहेको थियो ।

महाधिवेशनमा ७७ जिल्ला, उपत्यका, एसोसिएट र प्रतिष्ठानका प्रतिनिधि गरी झण्डै ८०० प्रतिनिधि सहभागी भएको सेन्टरले जनाएको छ । महाधिवेशनको बन्दसत्रमा विधान संसोधनसमेत गरिएको अधिकारीले जानकारी दिनुभयो ।

# बाघको गणना शुरु

**–नारायण अधिकारी**
**चितवन, १९ मंसिर (रासस)**

चितवन र पर्सा राष्ट्रिय निकुञ्ज आइतबारदेखि राष्ट्रिय बाघ सर्वेक्षण (गणना) सुरुआत हुँदैछ । चितवन, बर्दिया, पर्सा, शुक्लाफाँटा र बाँके राष्ट्रिय निकुञ्ज सहित र आसपासका वन क्षेत्रमा बाघ पाइन्छ ।

चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर सर्वेक्षण गरिँदै छ । देशैभरको सर्वेक्षणको शुभारम्भ चितवन राष्ट्रिय निकुञ्जको सौराहामा अइतबार विशेष कार्यक्रमका बीच सुरु गर्न लागिएको हो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक डा रामचन्द्र कँडेलका अनुसार यही मङ्सिर २९ गतेबाट बर्दिया र बाँकेलाई समेटेर एउटा ब्लक बनाएर सर्वेक्षण गरिँदै छ । यहाँको टोलीले पहिलो दुई साता काम गरेपछि शुक्लाफाँटा र लालझाडी क्षेत्रमा सर्वेक्षण गर्ने छ ।

उहाँका अनुसार बाघ गणना सम्पन्न गर्न करिब रु चार करोड खर्च हुने अनुमान गरिएको छ । गणकको सुरक्षाका लागि विशेष ध्यान दिइएको उहाँले बताउनुभयो । उनीहरूको प्रतिव्यक्ति रु १० लाखको बिमा गरिएको छ भने सुरक्षाका लागि निकुञ्ज सुरक्षार्थ नेपाली सेनासँगै रहने गरी व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

सुरक्षित ठाउँ छनोट गरी क्याम्प खडा गर्न लगाइएको छ । तालिमका समयमा कसरी सुरक्षित भई काम गर्ने भन्ने विषयमा समेत विषेश प्रशिक्षण दिइएको छ । महानिर्देशक कँडेलका अनुसार वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवसहितका उच्च अधिकारीहरूको उपस्थितिमा सर्वेक्षणको शुभारम्भ गरिँदै छ । सो अवसरमा वनसचिव डा पेमनारायण कँडेल, वन मन्त्रालयअन्तर्गत विभिन्न विभागका महानिर्देशक, बागमती प्रदेशका वनसचिव, मन्त्रालयका महाशाखा प्रमुख, साझेदार संस्थाका अधिकारीहरूको उपस्थितिमा कार्यक्रमको शुभारम्भ गरिने उहाँले जानकारी दिनुभयो । बाघ गणना सुरु हुनुअघि दुई दिन गणनामा सहभागी हुनेहरूलाई तालिम दिइएको थियो । चितवन राष्ट्रिय निकुञ्जमा मात्र १२० प्राविधिक र सहयोगीहरूसँगै केही हात्ती गणनामा परिचालन हुनेछन् । निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार गणकहरू निकुञ्जभित्र आफ्नो कार्यक्षेत्रमा क्याम्प खडा गर्ने काम सुरु गरेका छन् । कतिपय स्थानमा शनिबार क्याम्प खडा गरेर प्राविधिकहरू बसेका छन् भने कतिपय अहिले बिहान जाँदैछन् । १६ स्थानमा क्याम्प खडा गरेर प्राविधिकले आजबाट गणना थाल्ने उहाँले जानकारी दिनुभयो ।

क्यामेरा ट्र्यापिङ विधिबाट गरिने बाघ सर्वेक्षण गरिने छ। चितवनमा मात्र ३६० जोडी क्यामेरा जडान गरिने छ। उहाँका अनुसार दुई हप्ता एक ठाउँमा राखेर बाघको तस्वीर लिइने छ। दुई निकुञ्जको एउटा ब्लकमा १६ वटा क्याम्प बनाइएको छ । आधा मिटरको उचाइमा क्यामेरा राखिने छ । कतिपय ठाउँमा रुखमा र नमिलेमा घोचो गाढेर स्वचालित क्यामेरा जडान गरिने छ । क्याप्चर रिक्याप्चड विधिबाट बाघ गणना गरिन्छ । दुई/दुई ग्रिड अर्थात् चार वर्ग किलोमिटरमा एक जोडी क्यामेरा राखेर गणना गरिन्छ। बाघ वरिपरि आएमा क्यामेराले तस्वीर लिने छ । झण्डै दुई महिनामा फोटो खिच्ने काम सम्पन्न हुने अनुमान गरिएको छ। तस्वीर अध्ययनपछि थप चार महिनाभित्रमा नतिजा आउने छ । सन् २००८ देखि यहाँ राष्ट्रियस्तरको बाघ गणना सुरु गरिएको हो । दोस्रोपटक सन् २०१३, तेस्रोपटक सन् २०१८ र अहिले चौथोपटक बाघ गणना गर्न लागिएको हो । प्रमुख संरक्षण अधिकृत आचार्यका अनुसार हिउँदयाममा बाघ बाटोमा आउने हुँदा यो समय गणनाका लागि उपयुक्त मानिन्छ । झाडी सुक्दै गएपछि बाघ घाँसेमैदानमा बस्ने हुँदा गणना कठिन हुने भएकाले यो मौसम छानिएको हो । चितवन र पर्सालाई एउटा कम्प्लेक्स, बाँके र बर्दियालाई दोस्रो कम्प्लेक्स र शुक्ला र नजिकैको लालझाडी क्षेत्रलाई तेस्रो कम्प्लेक्स अर्थात् ब्लक बनाएर बाघको गणना गर्न लागिएको हो । सन् २०१८ मा गरिएको बाघ गणनामा नेपालमा २३५ वयस्क बाघ फेला परेका थिए । यतिबेला चितवनमा ९३, बर्दियामा ८७, पर्सामा १८, शुक्लामा १६ र बाँकेमा २१ बाघ फेला परेका थिए । यो सङ्ख्या बढेको अनुमान छ ।

सन् २०१० मा रसियाको सेन्ट पिटर्सवर्ग भएको बाघ पाइने १३ मुलुकका राष्ट्र प्रमुखहरूको बाघ सम्मेलनमा नेपालले सन् २०२२ सम्ममा बाघको सङ्ख्या २५० पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको थियो। तत्कालीन समयमा नेपालका निकुञ्जमा १२१ बाघ रहेको तथ्याङ्क थियो ।

दोब्बरभन्दा बढी सङ्ख्या बनाउने नेपालको प्रतिबद्धता पूरा हुनेमा संरक्षणविद् विश्वस्त छन् । यस वर्ष बाघको सङ्ख्या बढेको अनुमान गरिएको छ । नेपालमा हरेक चार/पाँच वर्षका अन्तरमा बाघ गणना गर्ने गरिन्छ ।

# आफ्नै घरमा बस्ने सपना पूरा

**पोखरापत्र संवाददाता**
**वालिङ, १९ मंसिर**

स्याङ्जाको बिरुवा गाउँपालिका- ७ माथिल्लो बलेउका ६७ वर्षीय इमानसिंह नेपालीको आफ्नै घरमा बस्ने सपना पूरा हुने भएको छ। आफ्नो घर नभएकै कारण अर्कैको गोठ, धन्सार तथा स्याउलाले छाएको छाप्रोमा बस्दै आएका नेपालीलाई स्थानीयवासी सम्झना युवा क्लबको पहलमा घर निर्माण गरिदिएपछि सपना पूरा हुने भएको हो ।

"मेरो यत्रो उमेर अरुकै धन्सार, गोठ तथा छाप्रोमा ओत लिएर अरुकै शरण लिएर बिताएँ", उहाँले भन्नुभयो, "अब त आफ्नै घरमा ओत लाउन पाउने भएको छु, आफ्नै घरमा बस्न पाउने भएँ निक्कै खुशी छु ।" जग्गा किनेर घर बनाउनका लागि पटक/पटक प्रयास गरे पनि सफल हुन नसकेको नेपालीले बताउनुभयो । "घर बनाउँछु भनेर सुरु गर्न खोजें, तर घरका लागि चाहिने सामान किन्ने उपाय भएन अनि बनाउन सकिन", नेपालीले दुःखेको पोख्नुभयो । स्थानीय युवा क्लबको पहलमा 'इमानसिंह नेपाली घर निर्माण अभियान'मार्फत रकम र जनश्रमदानमा दुई कोठे पक्की घर निर्माण गरेर हस्तान्तरण गरिएको उक्त अभियानका संयोजक पिम गुरुङले बताउनुभयो । नेपालीका बुबाले पनि यस ठाउँमा काम गर्दै आएको र बुबाको मृत्युपश्चात छोराले पनि लामो समयदेखि यहीँ बालीघरे प्रथामा सिलाउने काम गर्दै आएको संयोजक गुरुङले जानकारी दिनुभयो ।

"उनीहरु धेरै पहिले यहाँ बसाइँ सरेर आएका र लामो समयदेखि अर्काको गोठ, धन्सार तथा छाप्रोमा बस्दै आए", संयोजक गुरुङले भन्नुभयो, "घरबारविहीन भएका इमानसिंहको घर निर्माण गरिदिएर बासको व्यवस्था मिलाइदिनुपर्छ भन्ने लागेर रकम सङ्कलन तथा जनश्रमदान जुटाएर घर निर्माण गरी हस्तान्तरणसमेत गरिसकेका छौं ।" गत पुस अन्तिमबाट घर निर्माण थालेर यही मङ्सिर १४ गते घर हस्तान्तरण गरिएको हो । घर निर्माण अभियानका लागि स्थानीय बासिन्दा तथा देश विदेशमा रहेकाको सहयोगस्वरुप रु तीन लाख ५० हजार र ढुवानी तथा श्रमदानमा रु ९० हजार गरी कूल रु चार लाख ४० हजारको लागतमा निर्माण सम्पन्न भएको संयोजक गुरुङले जानकारी दिनुभयो । "इमानसिंह नेपालीको घर निर्माणका लागि भनेर अभियान नै चलायौं, जसमा देश तथा विदेशमा रहनुभएका विभिन्न व्यक्तिले रकम जम्मा गरिदिनुभयो", संयोजक गुरुङले भन्नुभयो, "सवारीसाधन हुनेले निःशुल्क ढुवानी गरिदिने र क्लब तथा गाउँलेले आ-आफ्नो सीप तथा क्षमता अनुसारको जनश्रमदान गर्नुभएकै कारण अभियान सफल भयो र अभियान सफल हुँदै गर्दा इमानसिंहको सपना पनि पूरा हुन पुग्यो ।"

# लुम्बिनी प्रदेशले जित्यो राष्ट्रिय पुरुष क्रिकेटको उपाधि

**रासस**
**काठमाडौं, १९ मंसिर**

लुम्बिनी प्रदेशले सुदुरपश्चिम प्रदेशलाई ११३ रन अन्तरले पराजित गर्दै यु-१९ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको फाइनल खेलमा जितका लागि २१३ रनको लक्ष्य पछ्याएको सुदुरपश्चिम २८ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ९९ रनमा समेटियो । सुदुरपश्चिमका लागि लोकेश बमले सर्वाधिक २५ रन जोडे भने कप्तान खडक बोहराले २१, शेर मल्लले १५ तथा नारायण जोशीले ११ रन जोड्दै बाहिरिए। सुदुरपश्चिमलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनीका अजय चौहानले सर्वाधिक पाँच विकेट लिँदा दुर्गेश गुप्ताले तीन तथा मोहम्मद हुसेनले दुई विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउदै २१२ रन जोडेको थियो ।

# कांग्रेसका नवनिर्वाचित भन्छन् : पाकाको अनुभव र युवाको जोसलाई समिश्रण गर्नुपर्छ

–वासुदेव पौडेल

पोखरा, १९ मंसिर (रासस)

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत गण्डकी प्रदेशमा वडादेखि प्रदेश कार्यसमितिसम्मका अधिवेशन सम्पन्न भई नेतृत्व चयन भएको छ।

केन्द्रीय महाधिवेशनको मिति नजिकिँदै गर्दा गण्डकी प्रदेश कार्यसमितिको निर्वाचनसमेत सम्पन्न भइसकेको अवस्थामा यतिखेर नेता तथा कार्यकर्ताको आँखा काठमाडौँमा हुने केन्द्रीय महाधिवेशनमा परेको छ।

हिमालपारीका जिल्ला मनाङ र मुस्ताङसहित ११ जिल्लासम्म समेटिएको यो प्रदेशले उत्तरमा कोरला नाकाले चीनलाई छोएको छ भने दक्षिणमा त्रिवेणी नाकाले भारतलाई छोएको छ।

हिमालदेखि पहाड हुँदै तराईलाई समेटेको यस प्रदेश राजनीतिक रुपमा पनि त्यत्तिकै चासो र चर्चामा छ। राजनीतिक चेतनाका दृष्टिले पनि यस प्रदेशले नेपालको समग्र राष्ट्रिय राजनीतिमा राम्रो छाप पारेको छ। प्रदेशका ११ वटै जिल्लामा पार्टीका युवा तथा पाका दुबै किसिमका नेताले आगामी कार्यकालका लागि नेतृत्व गर्ने जिम्मेवारी पाएका छन्। पार्टीको प्रदेश कार्यसमितिका सभापतिमा पाका नेता शुक्रराज शर्मा विजयी बन्नुभएको छ। एघार जिल्लामध्ये कास्कीमा किशोरदत्त बराल, स्याङ्जामा राजु थापा, बागलुङमा जीत शेरचन, तनहुँमा जीतप्रकाश आले, लमजुङमा डा टंकराज गुरुङ, मनाङमा शङ्कर गुरुङ, पर्वतमा युवराज जोशी र म्याग्दीमा खमबहादुर गर्बुजा, मुस्ताङमा रोमी गौचन थकाली र गोरखामा नन्दप्रसाद न्यौपाने सभापति पदमा निर्वाचित बन्नुभएको छ। नवलपुरमा भने पार्टीको जिल्ला अधिवेशन नै हुनसकेको छैन।

नेपाली कांग्रेसमा युवाको आकर्षण बढिरहेको बताउनुहुने नवनिर्वाचित प्रदेश सभापति शर्मा पार्टी सङ्गठनलाई थप सशक्त बनाउनका लागि वडा तहसम्मका निर्वाचित प्रतिनिधिलाई चाँडै नै प्रशिक्षण दिइने बताउनुहुन्छ। पार्टीमा नेतृत्वदायी भूमिकामा रहनेले जनताको विश्वास जित्नुपर्नेमा जोड दिँदै उहाँ राष्ट्रियता, प्रजातन्त्र र समाजवादको मूल मर्मलाई आत्मसात् गर्दै वडादेखि केन्द्र तहसम्मको नवनिर्वाचित नेतृत्व देश र जनताको हितमा लाग्नुपर्ने आवश्यकता औँल्याउनुहुन्छ।

"प्रशिक्षणबाट संस्कारी कांग्रेस निर्माणका लागि गण्डकी प्रदेशबाट हामीले अभियान थाल्ने छौँ", सभापति शर्मा भन्नुहुन्छ, "पुराना त्यागी नेताको उचित मूल्याङ्कन एवं सम्मानका साथै नयाँ युवाको जोस् र जाँगरलाई मिलाएर आम जनताले भरोसा गर्ने पार्टीका रुपमा कांग्रेसलाई स्थापित गर्नुपर्छ।" पार्टीको १४औँ महाधिवेशनअन्तर्गत यस प्रदेशमा वडादेखि प्रदेश कार्यसमितिसम्मका नेतृत्व चयन हुँदै गर्दा युवाको उत्साहपूर्ण सहभागितासँगै उनीहरू नेतृत्वदायी भूमिकामा समेत पुगेको पार्टीका जिल्ला सभापति किशोरदत्त बराल बताउनुहुन्छ। "पार्टीमा देखिएको युवाको आकर्षणसँगै उनीहरूलाई प्रशिक्षित गरेर लैजानु वर्तमान समयको आवश्यकता हो", उहाँ भन्नुहुन्छ, "प्रशिक्षित युवाले नै समाज र राष्ट्रको नेतृत्व गर्न सक्दछन्।" युवाको जोस् जाँगर एवं पाका नेताको अनुभवलाई मिलाएर लैजानुका साथै युवाको आकर्षणलाई व्यवस्थित गर्न सकेमा यसले पार्टीलाई मजबुत बनाउने सभापति बरालको भनाइ छ।

निर्वाचनमा विजयी हुन पार्टी भित्रका विभिन्न गुट तथा उपगुटमा नेता तथा कार्यकर्ता विभाजित भए पनि आगामी दिनमा निर्वाचित नेतृत्वले सबैलाई मिलाएर लैजानुपर्नेमा तनहुँ क्षेत्र नं २ का नवनिर्वाचित सभापति चुडामणि खनाल बताउनुहुन्छ। "तीनवटै तहका निर्वाचन हुनलागेको अवस्थामा पार्टीभित्रको आन्तरिक चुनावमा देखिएका तिक्तता मेट्न पनि तत्काल नेतृत्वतहले पहल गर्नुपर्ने देखिएको छ", उहाँ भन्नुहुन्छ,"युवाको जोस् र पाका नेताको अनुभवलाई मिसाएर पार्टी सङ्गठनलाई थप क्रियाशील बनाउनुपर्ने वर्तमान नेतृत्वको प्रमुख जिम्मेवारी हो।" पार्टीको आन्तरिक अधिवेशन भड्किलो बन्दै गएको विषय चुनौतीपूर्ण देखिएको उल्लेख गर्दै सभापति खनाल पार्टी सङ्गठनलाई धनी र पहुँचवालाको मात्र नभइ आम कार्यकर्ताको पार्टी हो भन्ने सुनिश्चित गराउनुपर्ने बताउनुहुन्छ। पार्टीका वडादेखि प्रदेशसम्मका सम्पन्न अधिवेशनमा युवाको उत्साहपूर्ण आकर्षण देखिएको बताउनुहुने क्षेत्र नं २ प्रदेश(क) का सभापति दिनेश आचार्य यो आकर्षणलाई पार्टी नेतृत्वले व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुहुन्छ।

"कांग्रेसमा देखिएको युवा आकर्षणलाई दृष्टिगत गर्दै उनीहरूको क्षमताको पहिचानसँगै त्यसको व्यवस्थापनमा लाग्नु जरुरी छ", उहाँ भन्नुहुन्छ ,"वर्तमानमा युवालाई उत्पादन एवं आयआर्जनमा जोड्ने गरी पार्टीले पनि कार्यक्रम दिन सक्नुपर्दछ।"



घाङ्च ल्हुममा मनोरञ्जन लिँदै पर्यटकः तनहुँको भिमाद नगरपालिका-९, मोहोरियास्थित घाङ्च ल्हुम (अग्लो ढुङ्गा) घुमघामका लागि पुगेका आन्तरिक पर्यटक। पछिल्लो समय यो ठाउँ आन्तरिक पर्यटकको गन्तव्यस्थलको रुपमा विकास भएको छ। तस्बिर : कृष्ण न्यौपाने/ रासस

# दोबामा अस्पताल भवन निर्माण सुरु

पोखरापत्र संवाददाता

म्याग्दी, १९ मंसिर

अन्नपूर्ण गाउँपालिका-१ दोबामा पालिकास्तरीय अस्पतालको भवन निर्माण सुरु गरिएको छ।

सङ्घीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने योजनाअनुसार दोबामा भवन निर्माण हुन लागेको हो। गाउँपालिकाका इञ्जिनीयर ईश्वरबहादुर भण्डारीले अपाङ्गमैत्री पाँच शय्या क्षमताको भूकम्प प्रतिरोधी दुईतले भवन निर्माण सुरु गरिएको जानकारी दिनुभयो। "आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षसहितको भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गमैत्री भवन बनाउन लागिएको हो", उहाँले भन्नुभयो, "आगामी २०७९ असोजमा भवन निर्माण सम्पन्न गर्ने लक्ष्य छ।" भवन निर्माणका लागि रविना-अमित जेभीले रु पाँच करोड १२ लाख ६० हजार ६५२ मा ठेक्का सम्झौता गरेको छ। रु छ करोड ८३ लाख ५० हजार ८० लागत अनुमान गरिएको थियो। विसं २०७८ वैशाख १७ गते सम्झौता गरेका ठेकेदारले जग्गा व्यवस्थापन सकेर भवन निर्माण सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत सुरुप्रसाद शर्मा पौडेलले बताउनुभयो।

निर्धारित समयभित्र नै भवन निर्माण सम्पन्न गर्ने लक्ष्यसहित औजार, निर्माण सामग्री जुटाएर मजदुर परिचालन गरेको निर्माण व्यवसायीले बताएका छन्। दोवाका बासिन्दाले अस्पताल निर्माण गर्न १२ रोपनी सात आना दुई दाम क्षेत्रफलको जग्गा निःशुल्क उपलब्ध गराएका थिए। सो जग्गाको स्थानीय बजार मूल्य रु एक करोडभन्दा बढी छ।

दोवाका वडाध्यक्ष दिलीपकुमार गर्बुजाका अनुसार नौप्रसाद पुर्जाले एक रोपनी तीन पैसा, यादवबहादुर गर्बुजाले एक रोपनी आठ आना, गमबहादुर गर्बुजाले एक रोपनी १० आना, अमरबहादुर गर्बुजाले पाँच रोपनी चार आना, घमती पुर्जाले १३ आना, कर्णबहादुर पुर्जाले दुई रोपनी दुई आना र टीकाबहादुर पुर्जाले साढे दुई आना जग्गा निःशुल्क उपलब्ध गराएका हुन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गाउँपालिकालाई अस्पताल निर्माण गर्न गत आर्थिक वर्ष २०७७/७८ मा रु ७० लाख पठाएको थियो। यस वर्ष मन्त्रालयले बजेट पठाउन ढिलाइ गरेको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले बताउनुभयो। विनियोजन भएको बजेट समयमै खर्च गर्ने अख्तियारी आएमा निर्माण व्यवसायीलाई छिटो काम गराउन दबाब दिन सकिने उहाँको भनाइ छ।

# काठेखोलामा कृषि तथा पशु उद्यमशील परियोजना

पोखरापत्र संवाददाता

गलकोट, १९ मंसिर (रासस)

बागलुङ जिल्लाको काठेखोला गाउँपालिकाले हेफर इन्टरनेशनलसँगको सहकार्यमा कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सुरु गरेको छ।

गाउँपालिकाका आठवटै वडाका कृषकको हितलाई ध्यानमा राखेर रु तीन करोड ७३ लाख ३३ हजारको लागतमा उक्त परियोजना सञ्चालन गर्न लागिएको गाउँपालिकाका अध्यक्ष अम्मरबहादुर थापाले बताउनुभयो। "कृषकको चाहनामा आधारित उद्यम सञ्चालनका लागि हामीले कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालन गर्न लागेका हौँ", उहाँले भन्नुभयो, "कृषकलाई कृषि र पशुपालनका क्षेत्रमा सङ्गठित गर्दै उत्पादन बढाउनका लागि यो परियोजना धेरै उपयोगी हुने अपेक्षा गरेका छौँ।" कृषकले कृषि र पशुपालनका क्षेत्रमा आफूले चाहेको व्यवसाय गर्न पाउने गरी सञ्चालन हुन लागेको तीनवर्षे यो परियोजनाका लागि गाउँपालिकाका अध्यक्ष थापा र हेफरका सहनिर्देशक दुर्गा केसीले सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो। यो परियोजनाको व्यवस्थापन भीमापोखरा युवा क्लब (विवाइसी)ले गर्ने भएको छ परियोजनाका लागि वडास्तरमा कृषि समूह गठन गरी उद्यमीको प्रवर्द्धन, उद्यमीले उत्पादन गरेका उत्पादनको बजारीकरण गरिने विवाइसीका कार्यक्रम संयोजक चुडामणि उपाध्यायले जानकारी दिनुभयो।

परियोजनाका लागि गाउँपालिकाले पहिलो वर्ष रु ८० लाख, दोस्रो र तेस्रो वर्ष रु एक/एक करोड लगानी गर्ने र त्यसको २५ प्रतिशत रकम हेफरले लगानी गर्ने अध्यक्ष थापाले बताउनुभयो। परियोजनाका लागि प्रशासनिक र तालिमका कार्यक्रम सबै हेफरले गर्ने भएको छ। परियोजनामार्फत उद्यमशीलताको विकास गरी कृषकलाई सहकारीमा आबद्ध गराउँदै उनीहरुद्वारा उत्पादित सामान सङ्कलन र बजारीकरण गर्ने परियोजनाको लक्ष्य छ। हेफरले यसअघि विवाइसीसँगको साझेदारीमा गाउँपालिका- ४ तङ्खाममा पशुबस्तुको मूल्य शृङ्खलामा आधारित साना किसानको संस्था सवलीकरण परियोजना परियोजना सञ्चालन गरेको थियो। उक्त परियोजनामार्फत सप्तरङ्गी सामाजिक उद्यमी महिला सहकारी संस्था र वसन्त सामाजिक उद्यमी महिला सहकारी संस्थाले बाख्रा उत्पादन गर्दै आएका छन्। करिब आठ वर्षदेखि सञ्चालनमा रहेको परियोजनामार्फत दुई सहकारीले बाख्रा बेचेर वार्षिक रु तीन करोडभन्दा बढी आयआर्जन गरेका छन्। कृषकलाई उत्पादनमा केन्द्रित गराउने र उनीहरुबाट उत्पादित वस्तुको सङ्कलन र बजारीकरणका लागि सहकारीलाई परिचालन गरिँदै आइएको छ।

# युवा पुस्ताको उदासिनताका कारण छन्त्याल भाषा लोप हुँदै

पोखरापत्र संवाददाता

म्याग्दी, १९ मंसिर

म्याग्दीमा बसोबास गर्ने अल्पसङ्ख्यक छन्त्याल समुदायको पुर्ख्यौली छन्त्याल भाषा सङ्कटमा परेको छ। छन्त्याल समुदायका युवा पुस्ताले आफ्नो मौलिक भाषा सिक्न र संरक्षण गर्न नसक्दा नासिने खतरा बढेको हो।

बोलीचालीमा अत्यन्त कम प्रयोग गरिए पनि लिपि नपाइएको हुँदा छन्त्याल खाम भाषा पुस्तान्तरण हुन नसकेपछि लोप हुने अवस्थामा पुगेको रघुगङ्गा गाउँपालिका- ६ ठाडाखानीका ८३ वर्षीय युवबहादुर छन्त्यालले बताउनुभयो। उहाँका अनुसार बूढापाकाले बोले पनि नयाँ पुस्ताका बालबालिका र युवायुवतीले आफ्नो भाषा बोल्न छाडेका छन्।

लिपि र शब्दकोश प्राप्त गर्न नसक्नु र आधुनिकताको प्रभावका कारण नयाँ पुस्ताले आफ्नो मातृभाषा प्रयोग गर्न सङ्कोच मान्नु तथा बसाइँसराइ जस्ता कारणले भाषा लोप भएको उहाँको भनाइ छ।

"भाषा जानेका र बोल्न रुचि राख्ने बूढापाका मेटिँदै गए, युवापुस्ता आफ्नो पुर्ख्यौली पेसा छाडेर विदेश वा सहरमा बसाइँ सरे, उनीहरुले आफ्नो भाषा बोल्न छाडे", छन्त्यालको बाहुल्यता रहेका गुर्जाका अगुवा कमल छन्त्यालले भन्नुभयो, "लिपि र शब्दकोशसमेत नभएकाले पुराना पुस्तासँगै छन्त्याल भाषा पनि नासिने खतरा छ।"

नेपाल छन्त्याल सङ्घ म्याग्दीका अनुसार २०६८ को जनगणनाअनुसार नेपालका १९ जिल्लामा ११ हजार ८१० छन्त्याल समुदायको जनसङ्ख्या छ। छन्त्याल समुदाय सबैभन्दा बढी म्याग्दी र बागलुङमा छन्। कुल छन्त्याल समुदायको सङ्ख्या मध्यम्याग्दीमा ७०.२ र बागलुङमा ३५.४१ प्रतिशत छ।

नेपाल छन्त्याल सङ्घ म्याग्दीका सचिव मन छन्त्यालका अनुसार विभिन्न जातजातिको मिश्रित बसोबास, सहर तथा विदेशप्रतिको मोह, विदेशी भाषा सिक्ने आकर्षण र विद्यालयमा अङ्ग्रेजी तथा नेपाली भाषामा मात्र पठनपाठन हुने जस्ता कारणले छन्त्याल भाषा लोप हुन लागेको हो।

म्याग्दीको धवलागिरि गाउँपालिकाको गुर्जा, मल्कवाङ, मच्छिम, रघुगङ्गाको ठाडाखानी र कुइनेमङ्गलेमा छन्त्याल समुदायको बसोबास रहेको छ। जनगणनाको पछिल्लो प्रतिवेदनअनुसार कूल जनसङ्ख्यामध्ये ३६.२७ प्रतिशतले आफ्नो मातृभाषा बोल्ने गर्छन्। छन्त्याल समुदायको बसोबास भएको बस्तीका विद्यालयमा मातृभाषामा पठनपाठन गर्ने तयारी गरेको रघुगङ्गाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो।

# रिलायन्स फाइनान्सद्वारा रामेश्वरी माविलाई सहयोग

पोखरापत्र संवाददाता

पोखरा, १९ मंसिर (रासस)

फाइनान्स रिलायन्स फाइनान्सको १२ औ वार्षिक उत्सवको अवसरमा देश भर विभिन्न कार्यक्रम गरि मनएको छ।

शनिवार सो अवसरमा संस्थाको सामाजिक उतरदायित्व कार्यक्रम अर्न्तगत पोखरा शाखाले पोखरा १४ मजेरीपाटन स्थित रामेश्वरी मा.वि. लाई खेलकुद तथा शैक्षिक सामाग्रि वितरण गरेको छ। सामाजिक, आर्थिक रूपले विपन्न गरिब तथा जेहेन्दार बालबालिकाहरुको पठन पाठनमा सहज होस भन्ने उद्देश्यका लागि विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री तथा विद्यालयलाई फनिर्चर तथा खेलकुद सामग्रि वितरण गरिएको पोखरा शाखाका



शाखा प्रमुख प्रकाश पौडेलले बताए।

पौडेलले नेपाल सरकारले अवलम्बन गरेको 'सुखी नेपाली र सम्बृद्ध नेपाल' को अवधारणालाई साकार पार्न यस किसिमको सहयोग फलदायी हुने विश्वास व्यक्त गरेका छन्।

कार्यक्रमा विघालयका प्र.अ पुर्ण दिप सुवेदीले सामुदायीक विद्यालयलाई सहयोग गरेकोमा खुसि प्रकट गदै यस सहयोगले सामाजिक अपहेलना र तिरस्कार भोगेर जीवनयापन गरिरहेका जनजाती, दलित र दयनीय आर्थिक अवस्था भएका बालबालिकाहरुको मनोवल थप उच्च हुने तथा अब आउने निकट भविष्यमा संस्थाले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्न सुझाव दिएका छन्।

कार्यक्रमा रिलायन्स फाइनान्स पोखरा शाखाका रिलेसनसिप म्यानेजर सुदिप सापकोटाले कार्यक्रम गर्नुको उद्देश्यलाई प्रष्ट पादै निकट भविष्यमा विद्यालयलाई थप सहयोग तथा वित्तिय साक्षरता कार्यक्रम गर्ने जानकारी गराएका छन्। उक्त कार्यक्रमा रिलायन्स फाइनान्सका गणेश सुवेदी, विद्यालयका सहायक प्र.अ दिलसोवा गुरुङ लगाएतले मनतव्य दिएका थिए। रिलायन्स फाइनान्सले प्राधान कार्यालय सहित देशभर २१ वटा शाखा कार्यालयबाट विभिन्न किसिमको निक्षेप तथा कर्जा सुविधाहरु लगाएताका बैंकिङ सेवाहरु प्रधान गर्दै आइरहेको छ।

# दक्षिण एसियाली विद्यार्थी समिटमा नेपाली समूह प्रथम

रासस

काठमाडौं, १९ मंसिर

साउथ एसियन इकोनोमिस्ट स्टुडेन्ट समिटमा भाग लिएका पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पसमा बिबिएस पाँचौं सेमेस्टरमा अध्ययनरत निकिता शाही नेतृत्वको टोली पहिलो भएको छ।

सो समिटमा दक्षिण एसियाका नेपाल, भारत, बङ्गलादेश, अफगानिस्तान, पाकिस्तान र श्रीलङ्काका विद्यार्थीले भाग लिएका थिए। टोलीले तीन हजार अमेरिकी डलर पुरस्कारसमेत जितेको छ। शाहीको आठ महिना लामो टेक्सटाइल इन्डस्ट्रिजको अनुसन्धान गरेर समिटमा पेस गरेको रिसर्चले अवार्ड जितेको हो। सन् २०१९ बाट सुरु भएको उक्त समिट यस पटक श्रीलङ्कामा आयोजना गर्ने भनिए पनि कोरोना सङ्क्रमणका कारण भर्चुअल माध्यमबाट भएको थियो। उक्त प्रतियोगितामा आठवटा टोली सहभागी भएको थियो।